# गाउँसभाको बैठकमा २०८१ असार ९ गते आइतबार उपाध्यक्ष श्री छिरिङ ल्हामो गुरुङ ज्युद्धारा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य

लो-घेकर दामोदरकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चराङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल
२०८१

CamScanner

श्रीमान् प्रमुख अतिथिज्यू,

गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु,सुरक्षाकर्मीज्यूहरु तथा सम्पुर्ण आदरणीय जनसमुदाय,

यस भूमिमा आफ्नो पाइला राखि यस भूमिलाई पवित्र बनाउनुहुने गुरू पद्मसम्भव, विभिन्न गुरू रिम्पोछेहरूको आशिर्वादलिदै आजको कार्यक्रम शुरू गर्न गइरहेको छु।

सर्वप्रथम म राष्ट्र र राष्ट्रियता रक्षाको निम्ति, सङ्घीय लोकतन्त्रिक गणतन्त्र नेपालको स्थापनातथा नागरिकहरूको स्वतन्त्रताका लागि इतिहासको विभिन्न कालखण्डमा बलिदान दिने ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै देश र जनताको लागि लड्ने र लडिरहेका सम्पुर्ण नेपाली नागरिकहरूलाई सम्झन चाहान्छु।

नागरिकलाई स्व शासन र शाझा शासनको माध्यमबाट आफूले आफ्नै लागि शासन गर्न सक्ने बनाउन स्थानीय तहलाई अधिकार र दायित्व प्रदान गर्ने वर्तमान संविधान लेख्ने संविधानसभाका सदस्यहरूलाई पनि म स्मरण गर्न चाहान्छु।

हामी माथि विस्वास गरेर हामीलाई आफ्नो अमूल्य भोट दिएर आफ्नो प्रतिनिधिको रूपमा स्वीकार गर्नुहुने समस्त लो-घेकर दामोदरकुण्ड गाउँपालिकाका नागरिकहरूलाई धन्यवाद दिँदै म यस लो घेकर दामोदरकुण्ड गाउँपालिकाकोअध्यक्षको हैसियतले गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको जानकारी गराउँदै आगामी आ.व. २०८१।८२ को लागि यस लो घेकर दामोदरकुण्ड गाउँपालिकाको नीति तथा कार्यक्रम अगाडी बढाउन अनुमति चाहान्छु।

गाउँसभाका सदस्यहरू,

नेपाली नागरिकहरूको तिव्र विदेश पलायन हुने क्रम, मुलुकमा पछिल्लो समय देखिएको आर्थिक क्रियाकलापमा मन्दी र त्यसको असरका कारण राष्ट्रिय ढुकुटीमा परेको चाप, संघ सरकार र प्रदेश सरकार बाट प्राप्त हुने अनुदानहरूमा परेको चाप र

राजस्व बाँडफाँडमा भएको असर तथा हाम्रो आफ्नै राजस्व क्षमता समेतका परिस्थितिलाई मध्यनजर गर्दै यस लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार पारिएको व्यहोरा यहाँहरूलाई अवगत गराउन चाहन्छु।

नेपालको संविधानले आत्मसात गरेको बहुलबादमा आधारित बहुदलिय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणाली, शक्ति पृथकिकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्त, मौलिक हक तथा मानव अधिकार, आवधिक निर्वाचन,बालिग मताधिकार, समावेशी र समानुपातिक प्रतिनिधित्व सहितको समाजवाद उन्मुख शासन व्यवस्था र लोकतान्त्रिक मूल्य र मान्यताको स्थापना गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा एवं सुदृढीकरण गर्नको लागि यस लो-घेकर दामोदरकुण्ड गाउँपालिकाप्रतिवद्ध छ।

यहाँका जनताहरूको साथ सहयोगमा सिमित स्रोत साधनका बाबजुद हामीले आर्थिक सामाजिक तथा पूर्वाधारका क्षेत्रमा थुप्रै विकासका कार्यहरू गर्न सक्षम भएका छौ । अझै धेरै विकासका कार्यहरू गर्न बाँकी नै छन् ।

बलियो जगले नै बलियो घर बनाउने हो । जनतासँग प्रतिबद्धता व्यक्त गरे अनुसार शुशासित, समुन्नत र सुसंस्कृत गाउँपालिका बनाउन हामीले गरेका बहुपक्षिय प्रयासहरू नै लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको भविष्य बनाउने आधार हो।

कुनै पनि पालिका एकै दिनमा बन्न सम्भव हुँदैन, हामीले प्रत्येक दिन गर्ने प्रयत्नबाट नै थोपा थोपा मिलेर समुद्र बने झैं सा ससाना कार्यबाट नै पालिका बन्ने हो।

हाम्रो छरिएर रहेका बस्तिहरू तथा कठिनभौगोलिक अवस्थाका कारण वर्षौं भरी विकास निर्माणका कार्य गर्न सम्भव हुन नसके पनि सिमित स्रोत साधन र समयका वावजुद हामीले हासिल गरेका विकासका उपलब्धीहरूलाई कम आकलन मिल्दैन।

'समृद्ध नेपाल,सुखी नेपाली' को लक्ष्य हासिल गर्न तय गरिएका अल्पकालिन,मध्यकालिन तथा दीर्घकालीन लक्ष्य, पन्धौं राष्ट्रिय योजना, गण्डकी प्रदेश

CamScanner

सरकारको प्रथम पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, अन्तर्राष्ट्रिय प्रतिबद्धता गाउँपालिकाका नागरिकका विकास चाहना, जन निर्वाचित प्रतिनिधि मार्फत मुखरित जनभावना र विज्ञ तथा सरोकारवालाहरुले दिएका सुझावलाई समेत आत्मसात गरी उपलब्ध स्रोत साधनको अधिकतम र दक्षतापूर्वक उपयोग गर्दै लो घेकर दामोदरकुण्ड गाउँपालिकाले आ.व. २०८०/८१ का लागि तय गरेका प्रमुख नीति तथा कार्यक्रमहरु देहाय वमोजिम रहेका छन।

**सामाजिक विकास क्षेत्र**

**स्वास्थ्य**

१. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको र यस गाउँपालिकामा लगानी साझेदारीमा पाँच शैयाको आधारभूत अस्पताल निर्माण आयोजनाको हाल सम्म एक वटा भवनको ढलान सम्पन्न भएको र अर्को भवनको पहिलो तल्ला ढलानको तयारीमा रहेको अवस्था छ। आयोजनाको बाँकी कामको रिभाइभ इस्टिमेट गरी बाँकी रहेको निर्माण कार्य समयमै सम्पन्न गर्न गाउँपालिकाको तर्फबाट विशेष पहल गरिनेछ र नेपाल सरकारसँग निरन्तर समन्वय पनि जारी राखिनेछ ।

२. सरोकारवाला निकायहरूसँग समन्वय गरी प्रत्येक नागरिकको स्वास्थ्य प्रोफाइलसम्पुर्ण नागरिककोबिरामीहरुको लागि अस्पताल सम्मको सहज पहुँचको लागि एम्बुलेन्स सेवालाई चुस्त र दुरुस्त बनाउन एम्बुलेन्स व्यवस्थापन समितिलाई सक्रिय बनाइनेछ।

३. गाउँपालिकामै ल्याब स्थापना गरी जनशक्ति समेत व्यवस्था गरी सामान्य जाँचको लागि जोमसोम पोखरा काठमाडौ जानुपर्ने अवस्थालाई अन्त्य गरिनेछ।

CamScanner

४. स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्दै खोप कार्यक्रमहरू निर्धारित समयमै संचालन गरी पूर्ण खोपयुक्त गाउँपालिकालाई कायम राख्दै दिगो राख्न सबै बालबालिकालाई खोप सेवा कार्यक्रम प्रभावकारी बनाइनेछ।

५. परम्परागत उपचार पद्धति (सोवा रिग्पा) लाई चालु आवमा तयार भएको कार्यविधि अनुरूप व्यवस्थित रूपमा संचालन गर्न अभिमुखिकरण तथा तालिमको व्यवस्था गरिनेछ।

६. स्वास्थ्य चौकी नभएका वडा नं. ३ र ५ मा स्वास्थ्य चौकी विस्तार गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरिनेछ । हाल कायम सामुदायिक स्वास्थ्य इकाईको सुदृढीकरणको लागि बजेट विनियोजन गरिनेछ।

७. वडा नं १, वडा नं. २ र वडा नं. ४ मा रहेका स्वास्थ्य चौकीहरुको सुदृढीकरणको लागि पनि बजेट विनियोजन गरिनेछ।

८. गरिव तथा विपन्न वर्गका दीर्घरोगीहरुको लागि रु एक लाख बराबरको छुट सुविधा रहेकोले स्वास्थ्य मन्त्रालय संग आवश्यक समन्वय गरिनेछ।

९. महिला स्वास्थ्य स्वयंसेविकाहरूको लागि पालिकाबाट सम्मान कार्यलाई निरन्तरता दिइनेछ। ६० वर्ष पुगिसकेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई विदाई तथा धन्यवाद कार्यक्रम संचालन गरिनेछ।

१०. जेष्ठ नागरिक तथा अन्य पालिकावासीहरुको लागि निशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ।

११. गाउँपालिका, स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य ईकाईमा रहेका औषधी तथा अन्य उपचार उपकरणको मौजदात डिजिटलाईज गरिनेछ। सरोकारवाला निकायसंग समन्वय गरी सम्पुर्ण स्वास्थ्य सेवालाई डिजिटलाईज गर्दै लगिनेछ।

१२. कर्मचारीहरूको सरूवा तथा बढुवाको कारण कर्मचारी रिक्त भएका स्थानमा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई कर्मचारीहरूको उचित

व्यवस्थापन गरी सबै समयमा नागरिकको पहुँचमा स्वास्थ्य सेवा हुने व्यवस्था मिलाइनेछ।

१३. औषधीजन्य फोहरमैला विर्सजनको लागि छुट्टै डम्पिङ्ग साइट बनाई सुरक्षित रूपमा डिस्पोज गर्ने वातावरण बनाइनेछ।

**गाउँसभाका सदस्यज्यूहरु**

**अब म शिक्षा तर्फ अगाड बढ्न चाहान्छु**

१४. स्थानीय शिक्षा नीति, योजना, कानून तथा मापदण्ड निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१५. शैक्षिक क्यालेण्डर र शैक्षिक प्रोफाइल निर्माण कार्यलाई अनिवार्य गरिनेछ।

१६. बाल बचत कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७. विद्यालयहरूमा फर्निचर लगायतका सामाग्रीको अभाव देखिएकाले सोको व्यवस्थापनको लागि बजेट छुट्याएको छु।

१८. कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम विकास गरी मौलिक शिक्षा तथा सम्बोटा लिपिको पाठ्यपुस्तक छपाईको लागि सरोकारवालाहरू संग समन्वय गरिनेछ।

१९. गाउँपालिकाको केन्द्र रहेको चराङमा आवासीय विद्यालय निर्माणको लागि गण्डकी प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।

२०. गाउँपालिकामा रहेका विपन्न वर्गका जेहेनदार विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२१. विद्यार्थीहरुको क्षमता पहिचान तथा विकासको लागि प्रतिभा डबली कार्यक्रम आयोजना गरिनेछ।

लो-घेकर दामोदरकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घराङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

२२. घुम्ति विद्यालय कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसलाई अझ व्यवस्थित बनाउन सरोकारवालाहरू संग छलफल गरी कार्यविधि बनाई अघि बढीनेछ।

२३. विद्यालयको संस्थागत सुदृढीकरण गरिनेछ ।नवप्रबर्द्धनात्मक कार्य तथा सृजनात्मक क्षमता प्रदर्शन गर्ने प्रतिभालाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

२४. गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको पहिचान गरी तिनको अभिलेखीकरण र संरक्षण गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु**

**अब म स्थानीय कला संस्कृति तथा पर्यटन तर्फ अगाड बढ्न चाहान्छु**

२५. स्थानीय मौलिक संस्कृतिको जगेर्ना तथा संरक्षण गर्न विशेष पर्वहरुमा आयोजना गरिने महोत्सव कार्यक्रमहरुका लागि बजेट विनियोजन गरिनेछ।

२६. गाउँपालिका क्षेत्रभित्रको प्रमुख पर्यटकीय गन्तव्यहरुमा पर्यटन पूर्वाधार विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।साथै, पर्यटकीय क्षेत्रहरुको राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रचार प्रसार कार्यलाई तिब्रता दिइनेछ ।

२७. गाउँपालिका भित्र रहेका विभिन्न धार्मिक ऐतिहासिक तथा प्राकृतिक रूपले विशिष्ट क्षेत्रहरूको विकास तथा प्रबर्द्धकोलागि सामाजिक संजालमा प्रख्यात भ्लगरहरूलाई गाउँपालिकाले निमन्त्रणा गरी आवश्यक सहकार्यमा प्रचारपसारको व्यवस्था मिलाइने छ।

२८. एकीकृत पर्यटकीय सूचना केन्द्र निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी पूर्वाधार निर्माणको प्रकृया अगाडि बढाइनेछ ।

CS CamScanner

२९. होमस्टेलाई व्यवस्थित एवं प्रभावकारी बनाई पर्यटक आकर्षण गर्न दर्ता भएका होमस्टेलाई आवश्यक व्यवस्थापनको लागि गाउँपालिकाद्वारा अनुदान प्रदान गरिनेछ ।

३०. प्रमुख पर्यटकीय गन्तव्यहरुमा पदमार्गको निर्माण गरिनेछ ।

३१. गाउँपालिका क्षेत्रलाई मुस्ताङको मुख्य पर्यटकीय केन्द्रविन्दुको रुपमा विकास गरिनेछ । पर्यटन प्रोफाइल तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

३२. नेपाल सरकार, गण्डकी प्रदेश सरकार, स्थानीय प्रशासनसंग समन्वय गरी विपद्मा परेका पर्यटकलाई आकस्मिक उद्धार गर्ने व्यवस्था गरिने छ ।

३३. दामोदरकुण्डलाई गोसाईकुण्ड, दुधकुण्ड, पाँचपोखरी जस्तै प्रख्यात धार्मिक तथा पर्यटकिय गन्तव्यको रूपमा विकास गर्न सरोकारवालाहरू संग समन्वय साझेदारी र सहकार्य गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु**

**अब आर्थिक विकास भित्र कृषि तथा पशुपन्छि विकास तर्फ जान अनुमति चाहान्छुः**

३४. कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यावसायीकरण मार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गर्दै यस पालिका भित्र उत्पादन हुने कृषिजन्य वस्तुहरुको व्यवस्थित बजारीकरण गरिने छ ।

३५. अनुदानमा आधारित कृषि यान्त्रिकरण गरी कृषिजन्य उत्पादन र उत्पादकत्व बढाइनेछ।

३६. कृषि पेशामा आवद्ध भई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उत्कृष्ट कृषकलाई सम्मान गरी कृषि क्षेत्रलाई प्रवर्द्धन गरिनेछ।

CamScanner

३७. कृषकहरुको पहिचान तथा सम्मानको लागि नमुना कृषक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३८. कृषि उपजको व्यवस्थित बजारीकरणको लागि चिस्यान केन्द्र (Cold Store) निर्माण कार्यको लागि आवश्यक अध्ययन गरिनेछ।

३९. खेतीयोग्य सबै जमिनमा सिंचाइ सुविधा उपलब्ध गराउन पुराना सिंचाइ आयोजनाहरुको स्तरोन्नती तथा मर्मत संभार गरिनेछ ।

४०. अनुदानमा ग्रिनहाउस प्लास्टिक खरिद गरी कृषकहरुलाई ग्रिनहाउसमा तरकारी उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

४१. तरकारी बिउविजन खरिद तथा निःशुल्क वितरण कार्यक्रम कार्यान्वयन गर्नको लागि बजेट विनियोजन गरिने छ ।कृषक क्षमता अभिवृद्धिको लागि पाँच वटै वडामा तालिम संचालन गरिनेछ ।

४२. यस गाउँपालिका भित्र पाइने जडिबुटीहरुको अध्ययन अनुसन्धान गरी उचित व्यवस्थापन गरिने छ।

४३. स्याउको बोटहरूको क्राफ्ट कटिङ सम्बन्धी तालिम सञ्चालन गरी कृषकहरूको क्षमता विकास गरिनेछ।

४४. प्रत्येक वडाहरुमा पशु स्वास्थ्य शिविरको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

४५. कृषि उत्पादनलाई पर्यटनसंग आबद्ध गरी कृषि पर्यटनको विकास र प्रबर्द्धन गरिनेछ ।

४६. पशुपंक्षीजन्य उपजको व्यवस्थापनको लागि पशु वधस्थल स्थापना गरिनेछ । च्याङ्ग्राको व्यवस्थित बजारीकरणको लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ।

४७. बाह्य परजिवी नियन्त्रणका लागि पशुपालकहरूलाई पायक पर्ने स्थानहरूमा डिपिङ ट्याङ्क निर्माण गरिनेछ।

CamScanner

४८. खाद्य सम्प्रभुतालाई मध्यनजर गर्दै गाउँपालिकाभित्र आयात/निर्यात हुने कृषि उत्पादन,मासुजन्य तथा अन्य खाद्य पदार्थको गुणस्तरियता कायम गर्न निश्चित मापदण्ड तयार गरी नियमन गरिनेछ।

४९. प्रत्येक वडामा बाली विशेष पकेट क्षेत्र निर्माणका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ।

५०. कृषकको गुनासो सुनुवाई गर्न र समयमा नै समस्या समाधानको लागि गाउँपालिकामा किसान कल सेन्टरको स्थापना गरिनेछ।

५१. कृषि उत्पादन बृद्धि गर्नको लागि प्रत्येक वडामा घुम्ति माटो परिक्षण शिविर सन्चालन गरिनेछ।

५२. जलवायु परिवर्तनले कृषि क्षेत्रमा परेको प्रभाव अध्ययन गरी जलवायु अनुकुल कृषि तथा पशुपालनमा जोड दिइनेछ।

**उद्योग व्यवसाय तथा रोजगारी**

५३. गाउँपालिकाभित्र रहेका व्यापार व्यवसाय, उद्योग तथा कलकारखाना हरुलाई दर्ता गरी करको दायरा भित्र समेटिनेछ।यसको लागि श्रावण पहिलो हप्ताबाट घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ।आगामी आर्थिक वर्ष गाउँपालिकमा दर्ता हुन आउने व्यवसायलाई दर्ता शुल्कमा आधा सहुलियत प्रदान गरिनेछ।

५४. गाउँपालिका क्षेत्रभित्रको राजश्वको स्रोत परिचालनको सम्भाव्यता अध्ययन गरी आन्तरिक स्रोत वृद्धि गरिनेछ ।

५५. स्थानीय व्यवसायिक,उत्पादनमुलक ग्रामिण साना तथा मझौला उद्योगहरुको स्थापना गर्दै लगानी अभिबृद्धि गरी आर्थिक बृद्धि हासिल गरिनेछ।

CamScanner

५६. स्थानीय सीप प्रविधिमा आधारित गलैचा बुनाई तथा किटिङ् बुन्ने सीपलाई व्यवसायीकरण गरि लघु उद्यमको रूपमा विकास गरिनेछ।

५७. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई स्थानीय रोजगारी सिर्जनामा प्रभावकारी ढंगले परिचालन गरिनेछ।

सामाजिक विकास र समावेशीकरण

५८. हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैंगिक मूलप्रवाहीकरण तथा सारभूत लैंगिक समानता कायम गर्न आवश्यक कानून तर्जुमा गरिनेछ ।

५९. १६ दिने लैङ्गिक हिंसा विरूद्धको अभियानलाई प्रभावकारी ढंगले सञ्चालन गरी पालिका भित्र लैङ्गिक समन्यायको वातावरण सिर्जना गर्न आमा समूहहरूको भूमिका सशक्त बनाइनेछ।

६०. गाउँपालिका क्षेत्र भित्रका १६ वर्ष सम्मका बालबालिकाको बैंक खाता खोली बाल बचत कार्यक्रम कार्यान्वयनमा ल्याउन गाउँपालिकाले मासिक रु. २००।- सम्बन्धित बैंक खातामा जम्मा गर्ने सोही बराबरको रकम बालबालिकाको संरक्षकले समेत बैंक खातामा जम्मा गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

६१. अपांग सहायता कार्यक्रम अन्तर्गत अपागंता भएका व्यक्तिहरुलाई आवश्यकताको आधारमा शारीरिक सहायता सामग्री हस्तान्तरण गरिनेछ ।

६२. समाजमा योगदान पुर्याएका जेष्ठ नागरिकहरुको मनोबल उच्च राख्न निश्चित मापदण्ड तयार गरी जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ।

६३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत बेरोजगार युवाहरुलाई लक्षित गरी मागको आधारमा सीप विकास तालिम प्रदान गरी क्षमता विकास गरिनेछ । युवाहरुको सीप विकास, क्षमता अभिवृद्धि तथा

CamScanner

व्यवसाय सञ्चालन सम्बन्धी कार्यक्रम सञ्चालन गरी स्वरोजगार प्रबर्द्धन गरिनेछ ।

६४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्यूनतम रोजगारीको सृजना तथा उत्पादनशील रोजगारीको अभिवृद्धि गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु**

६५. अन्तर स्थानीय तह, अन्तर विद्यालय तह तथा युवा क्लवहरुबीच मैत्रीपूर्ण खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ । खेलाडीको क्षमता विकास गर्न प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

६६. गाउँपालिका र यसका सबै वडा कार्यालयहरुमा गुणस्तरिय मोवाईल नेटवर्क तथा इन्टरनेटको पहुँच सुनिश्चितताको लागि नेपाल टेलिकमतथा अन्य सेवाप्रदायक निकायसँग आवश्यक समन्वय गरिनेछ।

६७. विद्युत प्राधिकरण संग समन्वय गरी स्याङ्बोचे, घमी तथा चराङ्गमा विद्युतिय सवारी साधन (इलेक्ट्रिक भेहिकल) चार्ज स्टेसन राखी अपर मुस्ताङ् आउने पर्यटन प्रवर्दन गरिनेछ।

६८. वडा कार्यालय र गाउँपालिका केन्द्र जोड्ने सडकलाई आगामी दुई वर्षभित्र स्तरोन्नती गरिनेछ ।

६९. वडा नं. ५ मा पर्ने ध्ये र ताङ्ग्या क्षेत्रमा बाह्रै महिना यातायात सञ्चालनयोग्य बनाई गाउँपालिका केन्द्रसँग जोड्न पक्की पुल निर्माणको लागि विशेष पहल गरिनेछ।

७०. प्रत्येक गाउँबाट गाउपालिका केन्द्र जोड्ने सडक सञ्जालको मर्मत् संभार गरिनेछ।

CamScanner

७१. लघु जलविद्युत आयोजनाहरुलाई राष्ट्रिय विद्युत प्रसारण लाइनमा आबद्ध गरी सबै घर परिवारमा विद्युत सेवाको आपूर्ति गरिनेछ ।

७२. IEE र EIAअध्ययन गरी ढुङगा, गिट्टी तथा बालुवा उत्खनन गर्न आवश्यक नीति तर्जुमा गरिनेछ ।

७३. वडा नं. ४ मा रहेको दामोदरकुण्डमा जाने तीर्थयात्री तथा पर्यटकलाई सञ्चार सम्पर्कमा जोडी सेवा सुविधालाई सजिलो बनाउन टेलिफोन टावर स्थापनाका लागि नेपाल टेलिकमसँग समन्वय गरिनेछ ।

७४. कर्मचारीको मनोबल उच्च राख्दै कामप्रतिको लगाव बढाउदै उत्कृष्ट नतिजा हासिल गर्नको लागि क्षमता विकास तालिम र अन्तरप्रदेश भ्रमण लाई प्रोत्साहन गरिनेछ।

७५. स्थानीय तहका पदाधिकारीको क्षमता विकासको लागि संघ र प्रदेशसँग आवश्यक समन्वय गरी क्षमता अभिवृद्धि कार्यक्रमको संचालन गरिनेछ।

७६. न्यायिक क्षेत्र सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ।

७७. मेलमिलाप सम्बन्धी ४० दिने तालिम सञ्चालन गरी गाउँमुखियाहरूलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४२ अन्तर्गतका मुद्दा मामिला फर्छ्यौट गर्न सक्षम बनाइनेछ।

७८. बजेट तर्जुमा गर्दा लैंगिक उत्तरदायी, जलवायुमैत्री र दिगो विकासमैत्री बजेट प्रणालीलाई अवलम्बन गरिनेछ । संघ, प्रदेश र स्थानीय तहबीच साझेदारीमा कार्यान्वयन गर्ने आयोजनालाई प्राथमिकता दिइनेछ ।

७९. स्थानीय विपद् व्यवस्थापन कोषमा रकम विनियोजन गरिनेछ । विपद्बाट घट्ने घटनालाई तत्काल सम्बोधन गर्न Disaster Rapid Response Team (DRRT) गठन गरिनेछ।

८०. गाउँपालिकाको प्रथम त्रिवर्षीय आवधिक विकास योजना र मध्यकालिन खर्च संरचनालाई कार्यान्वयनमा ल्याइनेछ ।

CamScanner

८१. कर्मचारीहरूलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माण गर्न आवश्यक तालिम तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८२. निर्माणाधिन गाउँपालिकाको प्रशासकीय भवन आगामी आर्थिक बर्षको सरुवातमा नै निर्माण सम्पन्न हुने भएकोले कार्यालय व्यवस्थापन गर्नको लागि आबश्यक बजेट विनियोजन गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु,**

आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रमको आधारमा गाउँ कार्यपालिकाले ल्याउने बजेटको कार्यान्वयनबाट गाउँपालिकाको समृद्धिमा टेवा पुग्ने अपेक्षा राख्दै जनप्रतिनिधि, राजनीतिक दलका स्थानीय प्रतिनिधि, विकास साझेदार, निजी क्षेत्र, राष्ट्र सेवक कर्मचारी, नागरिक समाज, गैर सरकारी क्षेत्र लगायत स्थानीय जनसमुदायको साथ र सहयोगको लागि आग्रह गर्दछु ।

धन्यवाद !

CamScanner